# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बौदीकाली गाउँपालिका
## नवलपरासी ब.सु.पू.

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बौदीकाली गाउँपालिका

## नवलपरासी ब.सु.पू.

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बौदीकाली गाउँपालिका

नवलपरासी ब.सु.पू.

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

गण्डकी प्रदेश

मितिः२०८१।२।११

प.सं. २०८०।८१

च.नं. ७१

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,

बौद्धिकाली .गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

नवलपुर ।

१. **कैफियत सहितको राय –** हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ३३ लाख ४० हजार बेरुजू देखिएको छ । सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू १२ लाख १२ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४६ लाख ९ हजार, नियमित गर्नुपर्ने रु. ६६ लाख ९६ हजार र पेश्की बाँकी रु. ८ लाख २१ हजार समेत रु १ करोड ३३ लाख ४० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ३ करोड ३७ लाख २ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष सम्परीक्षण बाट रु. ९४ लाख ३ हजार फस्यौट भई हालसम्मको अद्यावधिक बेरुजू रु. ३ करोड ७६ लाख ३९ हजार रहेको छ । **बौद्धिकाली गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ ।

वित्तीय प्रतिवेदन तयार गर्ने बौद्धिकाली गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बौद्धिकाली गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( जयराम घिमिरे)**

**नायब महालेखापरीक्षक**

बौदिकाली गाउपालिका,

नवलपुर, जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ८१ | १३३४० | ० | ० | ० | ५५ | ८१ | १३३४० | १२१३ | ६६९७ | ४६०९ | ० | ० | ११३०६ | ८२१ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपुर | ३३७०२ | ० | ९४०३ | २४२९९ | ० | १३३४० | ३७६३९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| | | | | |
| | | | | |
| | चालु वर्षको जम्मा | | | |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | दफा २६.४ | सामाजिक सुरक्षा भत्ता | १८०६८८ |
| | ०७८।७९ | दफा २५.२ | मु अ कर | ५४२४०० |
| | ०७८।७९ | दफा १५ | कार्यसम्पन्न प्रतिवेदन | ३६००००० |
| | जम्मा | | | ४३२३०८८ |

| | | | | |
|---|---|---|---|---|
| | २०७७।७८ | दफा | घटना दर्ता | ३८२५ |
| | ०७७।७८ | दफा १७ | संचित कोष दाखिला | ४४०००० |
| | ०७७।७८ | दफा ८.२ | प्रदेश संचित कोषमा दाखिला | ३६१५२७४ |
| | ०७७।७८ | दफा १२.२ | अग्रिम कर | ८९२५० |
| | ०७७।७८ | दफा १४ | पेश्की | ८७७५५० |
| | **जम्मा** | | | **५०१५८९९** |
| | २०७६।७७ | दफा १६ | बढी साइजको भुक्तानी | ६४५५६ |
| | **जम्मा रकम** | | | **६४५५६** |
| | **गत विगतको जम्मा** | | | **९४०३५४३** |
| | **कुल जम्मा** | | | |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकीकार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बौदीकाली गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारितासह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यसपालिका अन्तर्गत ६ वडा र ११३३८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१९ देखि २०८०।८।२२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ राजश्वतर्फ, धरौटीतर्फ , अन्य कारोबारतर्फ , आय व्ययतर्फ , सम्पत्ति तथा दायित्व तर्फको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १५०२९५ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| विवरण | रकम |
|---|---|
| पारिश्रमिक कर | ३०७८० |
| राजस्व जरिवाना | २९१२४ |
| दाखिला गर्न बाँकी कर | ३०१९१ |
| सामाजिक सुरक्षा भत्ता | ४००० |
| गत वर्षको भुक्तानी रकम | ५२०० |
| पदाधिकारीको अनुगमन भत्ता | ५१००० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली -**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो कार्य गरेको पाइयो ।

· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची २१४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको । साथै सूत्रमा स्पस्ट देखिएको ।

· स्थानीय सरकार संचालन ऐन२०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गरेको ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइयो । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परेको तथा बैक हिसाब भिडान भएको ।

· स्थानीय कोषको सञ्चालनव्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन२०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको ।

· स्थानीय तह संचालन ऐन२०७४ को दफा ६५६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समितिस्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा सो बमोजीम समितिहरु गठन गरेको ।

· पालिकाले जिन्सी सामानको एकीकत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको ।

· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको ।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम मर्मत गरेको तर लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

· मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र इ टीडिएस गरेको ।

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

· सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको ।

· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा सो स्थानीय दररेट नतोकेको ।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता अधिलेख राखेको तर कन्टिन्जेन्सी बजेट खर्च नभएकोले खाता राखेको पाईएन।

·स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईयो ।

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· संस्था दर्ता ऐन२०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्ययअपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको १३ जनाको दरबन्दी रहेकोमा ७ जनाको दरबन्दी रिक्त रहेको पाईयो ।

· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

· निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

· निजामती सेवा ऐन २०४९ कोदफा ७ ख २वमोजिमतलविप्रतिवेदनपारितगरेको ।

३ **बैंक हिसाब मिलान -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| **खाता** | **स्रेस्ताअनुसारमौज्दात रु.** | **बैङ्कस्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** | **कैफियत** |
|---|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १२२,८३१,६०७.०२ | ११६०६३११०.४४ | ६७६८४९६.५८ | ग ४.१,स्थानीय तह सञ्चित कोष खातामा रु ७३३३०५.३३/- रु ६००५००० मा दाखिला मिलान र बेरुजु रकम रु |

| | | | | |
|---|---|---|---|---|
| | | | | १५६९८०८.७५ घटाइएको |
| चालु खर्च खाता | 0 | 0 | ० | |
| पुँजीगत खर्च खाता | 0 | 0 | ० | |
| विविध खर्च खाता | ११५५३१९५. | ११५५३१९५. | ० | |
| विपद व्यवस्थापन खाता | १०३४५६६. | १०३४५६६. | ० | |
| स्थानीय विभाज्य कोष | 0 | ४८८५७५९.०२ | ४८८५७५९ | स्थानीय तह विभाज्य कोषखाताबाट प्रदेशको खातामा रकम दाखिला गरिएको. |
| धरौटी | ८७०६०५५.३९ | ८७०६०५५.३९ | ० | |
| ग१.१, आन्तरिकराजस्व खाता | ० | ७३३३०५.३३ | ७३३३०५.३३ | सञ्चित कोष खातामा २०८०/०४/०२ मा दाखिल मिलान रु ७३३३०५.३३/- गरिएको |
| ग१.२, बाँडफाँडबाटप्राप्त राजस्व खाता | | ० | ० | |
| आन्तरिक अनुदान खाता | ० | ६००५००० | ६००५००० | ग १.३, आन्तरिक अनुदान खाताको रकम स्थानीय तह सञ्चित कोष खातामा २०८०/०५/२४ मा दाखिल मिलान रु६००५०००/- गरिएको. |
| **जम्मा** | | | १८३९२५६०.९१ | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

४ **वित्तीय विवरणको यथार्थता -**पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ६५९८६०३०.०१ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.७९८८६१०७.९२ र अन्य रु. १२५००००० समेत गरी रु १५८३७२१३७.९३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ **सेवाप्रवाहको स्थिति -**स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ३८४ |
| मृत्युदर्ता | १२५ |
| बसाईसराई दर्ता | ५८ |
| विवाह दर्ता | १३० |
| सम्बन्धविच्छेद दर्ता | ८ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण कि मि | ० |
| ग्राभेल सडक मर्मत | ३ |
| कृषि सडक | १ |
| सडक कच्ची | ३९ |
| सिचाई सुविधा | २१ |
| खानेपानी | ३९ |

| | |
|---|---|
| भवन | ३९ |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

६ **वित्तीय विवरण -**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

म.ले.प.फा.नं. २७२ अनुसूचीमा संलग्न छ ।

**(विस्तृत विवरण बेरूजु दफा ६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २९ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ वटा ऐन ४ वटा नियमावली २९ कार्यविधि निर्देशिका ६ आचरसंहिता १ मापदण्ड ९ लगायत ७३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ७३ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरि सबै कानून राजपत्रमा प्रकाशित गरिएको छ ।

८ **कार्य सम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली२०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न

प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।

९ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृतइन्जिनियरसहित ९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१० **बजेट पेश पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री डिल कुमारी के.सी. सारु मगरलेमिति २०८०/०३/१०गते रु. ४४१२८४१९७/- को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०/०३/२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

११ **कर्मचारी करार —** स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न (इन्जिनियर सवारी चालक वडाहरुमा कार्यालय सहयोगीहरु मात्र पदमा ९ जना कर्मचारीहरु करारमा राखि रु. १०८३७१३३ खर्च लेखेको छ र गाउँपालिका तथा मातहतका कार्यालयमा ५६ जना कर्मचारीहरु करार सेवामा कार्यरत रहेका छन् ।

१२ **न्यायीक समिति —** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा दर्ता ११ वटा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा मिलापत्र भएका ० वटा न्यायीक समितिको निणर्य बमोजिम ० वटा र अदालतमा सिफारिस ० वटा र विवाद दर्ता भएको ० टुङ्गो लगेको छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ० र यो बर्ष थप भएको ११ गरी कुल ११ विवाद दर्ता भएकोमा ० वटा फछ्र्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ .।

१३ **अबण्डा बजेट —** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.२५ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम

कार्यपालिकाको विभिन्न मिति को निर्णयबाट पुजीगततर्फ रु २५ लाख सबै रकम खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१४ **सवारीसाधन खरिद —** स्थानीय सरकार सञ्चालन ऐन२०७४केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्रनिर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान चारपाङ्ग्रे सवारी साधन खरिदमा रु.२९६५०१६ बजेटबाट खर्च १ थान भ्याकु लोडर सवारी साधन खरिदमा रु.४७४८००० बजेटबाट खर्च र ६ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. १७०१९८५ बजेटबाट खर्च गरेको छ ।

१५ **बजेट तथा कार्यक्रम तर्जुमा -**स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१६ **प्राविधिक बिल र कार्य सम्पन्न -**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१७ **चौमासिक पूँजीगत खर्च -**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च रु हजारमा | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्च | १२८८७२९ | ४३६१ | २३४७७ | १००८८९ | ७६३७० |
| जम्मा | १२८८७२९ | ४३६१ | २३४७७ | १००८८९ | ७६३७० |
| प्रतिशतत | १०० | ३ | १८ | ७८ | ५९ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.१२८७२९५४६.८६निकासा भएकोमा प्रथम चौमासिकमा रु. ४३६१६५३अर्थात ३.३९ प्रतिशतदोश्रो चौमासिकमा रु.२३४७७९४१.८९अर्थात १८.२४ प्रतिशत र तेश्रो चौमासिकमा रु.१००८८९९५१.९७अर्थात ७८.३७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी आषाढ महिनामा मात्र रु..७६३७०६७३.०२अर्थात ५९.३३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१८ **लक्ष्य प्रगति -**कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तरजिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५ प्रतिशतसम्म प्रगति | ५० प्रतिशतसम्म प्रगति | ७५ प्रतिशत सम्म प्रगति |
| कार्यक्रम संख्या | ६९० | २१७ | ४७ | ३१ | ४३ |

१९ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५३८५२००० | २२९५८९६८ | ७ |
| सामाजिक विकास | २२६१६४२०७ | १६८२५५१६८ | ४९ |
| पूर्वाधार विकास | १७४६६१५१५ | ९०६००७१५ | २६ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६१३४५११ | १०२५८४१४ | ३ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ९३३३७८७९ | ५३४१४१०८ | १५ |
| जम्मा | ५६४१५०११२ | ३४५४८७३७३ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४८.७० प्रतिशत र. सुशासनतथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २.९६ प्रतिशत रहेको छ ।

२० **खर्च बिश्लेषण -** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु ६८५२७४७४.७६राजस्व बाँडफाँड र अनुदानबाट रु ३२०१४५००० समेत रु ५३१८४०८२०.८३ आम्दानी भएकोमा चालु तर्फ रु २१६७५७८२६.१७ र पूँजिगत तर्फ रु १२८७२९५४६.८६र बित्तिय ब्यबस्था तर्फ रु ० समेत रु ३४५४८७३७३.०३खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.९२ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ६९०४५९९ खर्च भएको छ जुन आन्तरिक आयको ३३.७४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.५६ प्रतिशत चालु र ५१.९ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२१ **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन -**स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलनअभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिकभौगोलिक अवस्थाप्राकृतिक श्रोत अन्तर्गत खानीजंगल तथा अन्य श्रोतपूर्वाधार अन्तर्गत सडकपुलखानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीतिकानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिन्छ। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजनाबजेटप्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२२ **गत बर्षको दायित्व -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७९।८० मा बिभिन्न उपभोक्ता समितिबाट संचालित अधुरा योजनाहरुको मात्र रनिङ विलको आधारमा रकम भुक्तानी दिएइको छ ।

२३ **योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलकउत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति/निर्माण व्यवसायी मार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः

| विवरण | योजनासंख्या | रकम |
|---|---|---|
| रु.१ लाखभन्दा कमको योजना | २६ | १३८९००० |
| रु. १ लाख एकदेखि पाँच लाख सम्मका योजना | १८३ | ५४१७७६५४ |
| रु.५ लाखदेखि १० लाख सम्मका योजना | ४२ | ३३१४८७०४ |
| रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना | ४६ | १०७०४५१११ |
| रु.५० लाख भन्दा माथिका | ६ | ५२२१५००० |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि. ५० लाख सम्मका जम्मा २७१ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्नेसंचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

२४ **बजेट सीमा निर्धारण समिति -**स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आयराजश्व बाँडफाँडबाट प्राप्त हुने रकमअनुदानऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपणसाधनको सन्तुलित वितरणको खाकाबजेटको कूल सीमाबजेटको क्षेत्रगत सीमा निर्धारणबजेट तथा कार्यक्रमको प्रथमिकिकरण विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत

क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

२५ **बैठक भत्ता —** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७६ को दफा ८ अनुसार नगर सभा संचालन र विभिन्न समितिको मात्र बैठक भत्ता रकम भुक्तानी दिइएको छ ।अन्य कुनै पनि बैठक भुक्तानी दिएको छैन ।

२६ **आयको अनुमान -**स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोतकरसेवा शुल्कदस्तुर वापत अनुमानित रु८००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।२०८० मा रु २५२००० अनुमान गरेकोमा अनुमानको तुलनामा ३१.५ प्रतिशतमा आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२७ **स्वकीय सचिव -**स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०76 को दफा ११ को २ बमोजिम मात्र स्वकीय सचिवलाई सहायक स्तर चौथो पद सरहको मात्र सेवा सुविधा उपलब्ध गराएको छ।

२८ **लागत सहभागिता -**पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेनगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२९ **वडा सचिवको पदपूर्ति -**पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| **वडा संख्या** | **वडा सचिवको दरबन्दी** | **वडा सचिवको पदपूर्ति** | **रिक्त वडा सचिव** |
|---|---|---|---|
| ६ | ६ | १ | ५ |

३० **ठेक्का व्यबस्थापन -**सार्वजनिक खरिद ऐन२०६३ तथा नियमावली२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिदसिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ।

रु हजारमा

| कुल निर्माण खर्च | सोझै खरिद | | सिलबन्दी दरभाउपत्र | | बोलपत्र | | तेश्रो चौमासिकमा व्यवस्था भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १२८७२९ | ७ | १२५११ | ३ | २२१६ | ४ | १०२९५ | ५ | ११५१५ |

३१ **कल्याण कोष** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक स्रोतबाट कर्मचारी कल्याण कोषमा रु.१० लाख ट्रान्सफर गरेको छ।

३२ **सम्पत्ति हस्तान्तरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २080 असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको तथा कम्प्युटर, ल्यापटप,प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईयो ।

३३ **विविध खर्च** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट १६ लाख ५२ हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

३४ **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर (योजना सफ्टवेयर) खरिद गरी देहायबमोजिम रु.३९०९८० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

३५ **जिन्सी निरीक्षण प्रतिबेदन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ बमोजिम तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित लिलाम बिक्री गर्नुपर्ने जिन्सी मालसामान नियम १०६ बमोजिम एक महिनाभित्र प्रक्रिया शुरु गर्नुपर्ने तथा नियम ९९(४) बमोजिम मर्मत सम्भार गर्नुपर्ने मालसामानको हकमा तिन महिना भित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम बिक्री तथा मर्मत सम्भार गर्नुपर्ने कार्य नगरेकोले नियमानुसार गर्नुपर्ने देखिन्छ ।

३६ **विपद् व्यवस्थापन कोष —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु. २२५६६१५ आम्दानी भई रु. १२२२०४९ खर्च गरी बाँकी रु.१०३४५६६ देखिन्छ । पालिकाले नियम बनाई तोकिए बमोजिम खर्च लेखेको र कोष खडा गरेको छ ।

३७ **कन्टिन्जेन्सी खर्चको अभिलेख** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत कन्टेन्जेन्सी बजेट खर्च भुक्तानी रकमबाट यस्तो रकम कट्टी गर्ने गरेको छ र सो रकम सानातिना फुटकर सवारी भाडामा खर्च गरेको र बांकी रकम खर्च नभई अ.ल्या मौज्दातमै समायोजन गरेको छ ।

३८ **बार्षिक खरिद योजना/गुरुयोजना** -सार्वजनिक खरिद ऐन२०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२८७२९५४६.८६ पुँजीगत खर्च,खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली बनाएको छैन । बार्षिक खरिद योजना तयार गरेको छैन । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना, गुरुयोजना बनाई थप व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३९ **आन्तरिक लेखापरीक्षण शाखा** -प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवारआन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भए बमोजिम आन्तरिक लेखापरीक्षण शाखा गठन भइ आ.ले.प. भएको देखिन्छ ।

४० **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन२०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता मितव्ययिता कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ ।

४१ **अवण्डा बाट खर्च** -स्थानीय सरकारसञ्चालनऐन, २०७४मा स्थानीयआर्थिकअवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमाअबण्डा राखी आयव्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो बर्ष देहायका विषयहरुमा योजना एवं कार्यक्रमगत रुपमा बजेट बाँडफाँड नगरी अबण्डामा राखी उक्त रकम गाउँपालिका अध्यक्षको विभिन्न मितिको तोक आदेश एवं कार्यपालिकाको निर्णयबाट विभिन्न कार्यक्रम तथा योजनामा खर्च गरेकोले नियमसंगत नदेखिएको रु

| गो. भौ . नं ./ मिति | विवरण | रकम |
|---|---|---|
| ८।०८०।७/ ३ | कालीगण्डकी खेलमैदान तथा पिकनिक पार्क र खेलमा पानी पूर्याउने कार्य वडा नं. १ | ९७००१. |
| ६३/ १२ / ८ | भाडामा लिएको कार्यालयको आल्मोनियम पार्टिसन कार्य | १९३००. |
| ३।६।३१ | भाडामा रहेको कार्यालयमा पार्किङ स्थल निर्माण | ३१७१८९ |
| | जम्मा रकम | ४३३४९० |

| | |
|---|---|
| अनियमित भएको | ४,३३,४९० |

४२ **विद्युतीय तार खरिद** -सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।त्यसै गरी सार्वजनिक खरिद ऐनको नियम ५क मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान खरिद गरिद गर्नु अघि स्पेशिफिकेसन, योजना, डिजाईन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले भुक्तानी गर्नु पुर्व आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए वा नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ। पालिकाले नेपाल वायर एण्ड केबल्स प्रा लिबाट रु ४० का दरले १५००० मिटर विद्युतीय तार खरिद गरेकोमा प्राविधिक मुल्यांकन वेगर नै भुक्तानी गरेको देखिन्छ । प्राविधिक मुल्यांकन तथा गुणस्तर परीक्षण वेगर भुक्तानी गर्दा खरिद भएको मालसामानको वास्तविक प्रयोग भए नभएको सम्बन्धमा एकिन गर्न नसकिने साथै खर्चको प्रभावकारीता तथा औचित्यता पुष्टि नहुने हुँदा उक्त तार जडान कार्यको प्राविधिक पुष्टाई सहितको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७८,००० |

४३ **जिल्ला दर रेट भन्दा बढी भुक्तानी** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिदा वास्तविक

खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा पालिकाले देहायको भुक्तानी गर्दा जिल्ला दररेट भन्दा बढी रेट राखि विल पेश भएको र सोहिबमोजिम भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| गो भौ नं मिति | योजनाको नाम | भ्याटजारी गर्ने ठेकेदार कम्पनी | सामाग्री | सामाग्री को विल रेट(रु.) | जिल्ला दर रेट | परिमाण (घनमिटर मा ) | भ्याटबाहेक को फरक रकम | भ्याटसहित को असुल गर्ने रकम(एकमुष्ट) |
|---|---|---|---|---|---|---|---|---|
| ७१।२०८०।१।०६ | बसपार्क पूर्वाधार विकास | सर्वश्रेष्ठ कन्स्ट्रकसन एण्डसप्लायर्स | बालुवा | ३००० | २३०० | ३० | २१००० | ६७००० |
| ७६।०८०।१।१३ | धारापानी कल्भर्ट तथा टेवा पर्खालनिर्माण | सर्वश्रेष्ठ कन्स्ट्रकसन एण्डसप्लायर्स | बालुवा | ४००० | २३०० | १० | १७००० | ४०६८० |
| १८०।०८०।३।१२ | डेढगाउँ बसपार्क सञ्चालानार्थसौचालय तथा खानेपानी | सर्वश्रेष्ठ कन्स्ट्रकसन एण्डसप्लायर्स | गिट्टी | ४००० | २३०० | ८ | १३६०० | २२९९६ |
| २२१।०८०।३।२० | कृषि संकलन केन्द्र निर्माणउपभोक्ता समिति | सर्वश्रेष्ठ कन्स्ट्रकसन एण्डसप्लायर्स | लोकलग्राभेल | २५०० | १३५० | ३० | ३४००० | ३८९८५ |
| २२९।२०८०।३।२० | सहकारी चोक देखी सिकाई केन्द्र,खहरे टोल नाली निर्माण | सर्वश्रेष्ठ कन्स्ट्रकसन एण्डसप्लायर्स | लोकलग्राभेल | २५०० | १३५० | ३० | ३४००० | ३८९८५ |
| जम्मा | | | | | | | | २०८६४६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०८,६४६ |

४४ **अन्य निकायको असम्बन्धित खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धि व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ।उक्त व्यवस्थाको पालना बेगर यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्लास्थित निम्नानुसार निकायलाई बिभिन्न खर्चमा भुक्तानी गरी अन्य कार्यालय/व्यक्तिको खर्च यस कार्यालयले व्यहोरेको छ। यस्तो खर्चको कारण कार्यालयको बजेट प्रणालीमा असर पर्ने देखिन्छ। यसरी खर्च गरीअनियमित देखिएको रू

| गो.भौ.नं./मिति | विवरण | रकम |
|---|---|---|
| ४२४/0३/१४ | जि.स.स. नवलपुर/ स.स. संचालनन गर्ने गरी सामाजिक विकास कार्यक्रम | ३००००० |
| ७८/०८०/०१/१३ | ईलाका प्रहरी कार्यालय घेराबार बौदीकाली वडा नं २ | ३००००० |
| | जम्मा रकम | ६००००० |

| | |
|---|---|
| अनियमित भएको | ६,००,००० |

४५ **जडान नभएको -**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले गो भौ नं ५४।०८०।०३।२३ मा नवीकरणीय उर्जा प्रविधि जडान कार्यक्रम अन्तर्गत यु एण्ड वि ट्रेडर्स सँग सोलार सामाग्री खरिद गरी रु ७९३८०० भुक्तानी गरेको छ । खरिद सामाग्री मध्ये ३ थान सोलार प्यानल मात्र वितरण गरेको र बाँकि थान सोलार प्यानल पालिकाको भण्डारमा नै रहेको र वितरण गरिएका सोलार समेतको जडान भए नभएको सम्बन्धमा प्राविधिक मुल्यांकन नभएकोले प्रयोगको सुनिश्चितता नभएको साथै खरिद भएको मालसामानको प्रयोग तथा जडानको प्रमाण पेश नहुँदा आवश्यकता बेगर खरिद भएको देखिएकोले उक्त कार्यको प्राविधिक पुष्टाई सहितको जडानको प्रमाण पेश गर्नुपर्ने रु

साथै जडान वेगर भण्डारमा खपत रहेको सामग्रीको तस्वीर संलग्न रहेको छ ।



| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९३,८०० |

४६ **सडकको चेनेज घटेको अवस्थामा समेत बढी मूल्यांकन -**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। वडा नं ६ महाभञ्ज्याङ नगरडाँडा सडक स्तरोन्नती Roadway Excavation in Ordinary Rock मा लागत अनुमानमा चेनेज (१+ १४०) मिटरको २६५५ घन मिटर सडक स्तरोन्नतको लागत अनुमान रु ५६१५५९ उल्लेख भएकोमा मूल्यांकन प्रतिवेदनमा चेनेज (०+६६० ) मिटर सम्म मात्र सडक स्तरोन्नति भएको अवस्थामा मूल्यांकन रकम घट्नुपर्नेमा लागत अनुमानको परिमाण भन्दा मूल्यांकन परिमाण बढ्न गइ (२७०० घन मिटर) मूल्यांकन रकम रु ५७१०७७ हुन गइ अनुमान भन्दा बढोत्तरी भएको पाइयो ।यस विषयमा प्राविधिकसँग छलफल गर्दा उचाइ बढेको कारण निर्माण परीमाण बढ्न गइ मूल्यांकन रकम बढी भएको जवाफ प्राप्त भएको छ ।इन्जिनियरिङ नर्म्स बमोजिम सडक खन्ने कार्य गर्दा चौडाइ नबढेको खण्डमा उचाइ बढ्ने सम्भावना न्यून रहन्छ ।अतः चौडाइ नबढेको खण्डमा उचाइ बढ्न गइ सडकको लम्बाइ कम भएको अवस्थामा समेत मूल्यांकन बढेको कारण सम्बन्धमा एकिन गर्नुपर्ने अन्यथा सम्बन्धितबाट बढि भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु–

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

४७ **उपभोक्ताको काम -**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेसिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

४८ **ईट्टा खरिदमा बढी भुक्तानी -**सार्वजनिक खरिद नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा

देहायका उपभोक्ता समितिको प्राविधिक मूल्यांकन बमोजिम प्रयोग भएको ईट्टा संख्या (१ घन मिटरमा ५३० ईट्टा) र खरिद बिलबाट देखिएको ईट्टा संख्या भिडान गर्दा कम ईट्टा खरिद गरेको पाइएपनि प्राविधिक मूल्यांकन बमोजिम बढी संख्याको भुक्तानी दिएकोले बढी भएको भुक्तानी सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु..

| **गो भौ नं मिति** | **योजनाकोनाम** | **हुनुपर्नेइट्टा संख्या** | **बिलबमोजिमको इट्टा संख्या** | **बढीइट्टा संख्या** | **प्रतिइट्टा दर भ्याट सहित** | **बढीभुक्तानी** |
|---|---|---|---|---|---|---|
| २००।२०८०।०३।१८ | शारदा मा वि ट्रस निर्माण | १०६३७ | ११६०० | ९६३ | १४ | १३४८२ |
| २२५।२०८०।०३।२० | नागदेवी सामूदायिक सिकाइ केन्द्र | ९५३५ | ९००० | ५३५ | ११.३ | ६०४५ |
| **जम्मा** | | | | | | **१९५२७** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,५२७ |

४९ **उपभोक्ता समितिबाट पाइप खरिद -**सार्वजनिक खरिद नियमावली, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समूह मार्फत काम गराउने सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्था अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था छ । पालिकाले ऐनको व्यवस्था विपरीत निर्माण कार्यका लागि उपभोक्ता समितिलाई कार्य गराउनुपर्नेमा विशेष सार्वजनिक पूर्वाधार निर्माण विकास मर्मत सम्भार शीर्षकमा खानेपानीको पाइप फिटीङ्गस खरिदका लागि दुइधारे खानेपानी योजना उ सलाई रु ६३०००० भुक्तानी भएको छ । यस्तो कार्य अनियमित देखिएको रु..

| | |
|---|---|
| अनियमित भएको | ६,३०,००० |

५० **निर्माण कार्यको गुणस्तर -**पालिकाबाट हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धीत उपभोक्ता समिति, निर्माण व्यववसायी, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर कार्यालयले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत सोझै गराएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट,

ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

५१ **आनुपातिक कट्टी -**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।गो भौ नं १३९।२०८०।०२।२९ बालकल्याण आ वि भौतिक पूर्वाधार विकास कार्यमा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र कार्यालयले बेहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । लागत अनुमान रु ४४४७७० रहेकोमा कार्यालयले बेहोर्ने अंश ८९.९३% रहेकोमा निर्माण कार्य सम्पन्न गर्दा मूल्यांकन घटी रु ४४१००३ भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको उक्त रकम असूल हुनुपर्ने रु..

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,१०० |

५२ **उपभोक्ताको काममा मेसिनको प्रयोगः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ साथै सोहि नियमावलीको नियम 97मा एक करोड रुपैंया सम्मको लागत अनुमानमा मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ । पालिकाले बाटो निर्माण ,भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेसिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ। केहि उदाहरणहरु

| क्र.स. | गो.भौ.मिति | उपभोक्ता समिति | कामको विवरण | रकम |
|---|---|---|---|---|
| १ | २९८।०८०।०३।२४ | नगरडाँडा माझडाडा ल्हापे सडक स्तरोन्नती बौदीकाली वडा नं ६ | सडक स्तर उन्नतमा JCB को प्रयोग | १३८११३८ |
| २ | २७३।२०८०।०३।२१ | किसेडी कृषि सडक निर्माण उ स बौदीकाली वडा नं १ | सडक स्तर उन्नत को काम | ४००००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | २७२।२०८०।०३।२१ | चारघरे झरेकडाँडा हुँदै शेरा पक्कि पुल जोड्ने मोटरबाटो उ स बौदीकाली वडा नं १ | सडक स्तर उन्नत को काम | ६८८५९१ |
| ४ | २७८।०८०।०३।२१ | निरन्दीखोला सिमलडाडा हुँदै वडा कार्यालय जोड्ने सडक स्तरोन्नती बौदीकाली वडा न १ | सडक स्तर उन्नतको काम | ३७९६८० |

५३ **खरिद बेगर भुक्तानी -**गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गो भौ नं १०१।०८०।०२।०२ मा वाढा खोला कूलो स्तरोन्नती कार्यको लागि रु.३५०००० को भुक्तानी गरेकोमा लागत अनुमान मा HDPE पाइप खरिद कार्यको लागि रु.३२४०१ स्वीकृत भएको तर पाइप खरिद नगरी योजनाको पूरा मूल्याङ्कन उठाएर भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,४०१ |

५४ **जडानको प्रमाण पेश नभएको -**सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । कार्यालयले गो भौ नं ८।०७९।०७।०३ मा विशेष पूर्वाधार कार्यक्रम अन्तर्गत खानेपानीको पाइप खरिद कार्यको लागि सीता सप्लायर्सलाइ रु ९७००१ भुक्तानी गरेकोले उक्त पाइप प्रयोगको सुनिश्चितता नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९७,००१ |

५५ **बढी भुक्तानी -**गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गो भौ नं २४७।०८०।०३।२१ मा उत्तम वालहित आ.वि. मा खानेपानी निर्माणको लागि HDPE PIPE खरिद कार्यको लागि लागत अनुमान अनुसारको रकम रु. ३००००० भुक्तानी भएकोमा लागत अनुमानमा भन्दा कम सङ्ख्यामा पाइप खरिद भएकोलेबढी भुक्तानी भएको १०० मिटर पाइपको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,१६३ |

५६ **उपभोक्ता समिति मार्फत खरिद -**

५६.१ **सिमेन्टमा बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ बमोजिम भुक्तानी दिदा वास्तविक खर्च मूल्याङ्कन गरी भुक्तानी दिनुपर्नेमा पालिकाले देहायको भुक्तानी गर्दा सिमेन्टको लागत ईस्टिमेटमा बढी मुल्य राखी सोही आधारमा मुल्याङ्कन गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको तर खर्च पुष्टी गर्ने बिल बिजक हेर्दा घटी दरमा सिमेन्ट खरिद गरेकोले बढी भुक्तानी भएको असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| **गो भौ नं मिति** | **योजनाकोनाम** | **जिल्लादर रेट बमोजिम को दर** | **बिलबमोजिमको दर** | **खरिदपरिमाण बोरा** | **फरक दर** | **रकम** | **१३ %मूअ कर** | **सिमेन्टकोप्रकार** |
|---|---|---|---|---|---|---|---|---|
| १७।२०७९।०९।११ | बबकसामूदायिक भवन निर्माण | ७२५ | ५९० | २१३ | १३५ | २८७५५ | ३७३८ | ओ पि सी |
| १७।२०७९।०९।११ | | ६२० | ४९० | ७० | १३० | ९१०० | ११८३ | पि पि सी |
| १७।२०७९।०९।११ | उदय मा वि भवन निर्माण | ६२० | ४६० | १४८ | १६० | २३६८० | ३०७८.४ | पि पि सी |
| ७१।२०८०।०१।०६ | बसपार्क पूर्वाधार विकास उ स | ७२५ | ५७५.२२ | ६९० | १४९.७८ | १०३३२७.५ | १३४३२.५७ | ओ पि सी |
| ७३।२०८०।०१।13 | धारापानी कल्भर्ट तथा टेवा पर्खाल निर्माण | ७२५ | ५७५.२२ | २२० | १४९.७८ | ३२९५१.६ | ४२८३.७ | ओ पि सी |
| ७३।२०८०।०१।13 | धारापानी कल्भर्ट तथा टेवा पर्खाल निर्माण | ७२५ | ५७५ | १०० | १५० | १५००० | १९५० | ओ पि सी |
| ८२।२०८०।०१।१९ | छत्तिवनकुलो मर्मत | ७२५ | ५८० | २२० | १४५ | ३१९०० | ४१४७ | ओ पि सी |
| १०४।२०८०।०२।१० | गण्डकी टोल कुलो मर्मत | ७२५ | ६०० | ८० | १२५ | १०००० | १३०० | ओ पि सी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११५।२०८०।०२।२० | भल व्यवस्थापनको लागि नाली निर्माण उ स | ७२५ | ६२० | १८० | १०५ | १८९०० | २४५७ | ओ पि सी |
| १३०।२०८०।०२।२५ | झैटार गोगटे खोल्सी कल्भर्ट निर्माण | ७२५ | ६५० | १३५ | ७५ | १०१२५ | १३१६ | ओ पि सी |
| १२८।२०८०।०२।२५ | कुसुन्डे, साँझे, लावे खेत सिंचाइ कुलो मर्मत | ६२० | ५०० | १९० | १२० | २२८०० | २९६४ | पि पि सी |
| १५५।२०८०।०३।०३ | घर्ती थुम्का देखि मलरवन मोटरबाटो स्तरोन्नति | ६२० | ४४५ | १०८ | १७५ | १८९०० | २४५७ | पि पि सी |
| १५४।२०८०।०३।०३ | दिपज्योति प्रा वि भवन पूर्वाधार विकास | ६२० | ४३५ | १८५ | २०० | ३७००० | ४८१० | पि पि सी |
| २०१।२०८०।०३।१८ | वडास्तरीय मोटरबाटो स्तरोन्नति | ६२० | ४२५ | ४०० | १९५ | ७८००० | १०१४० | पि पि सी |
| २०९।२०८०।०३।१९ | हिमचुली आमा समूह भवन निर्माण | ७२५ | ४६८ | १३५ | २५७ | ३४६९५ | ४५१०.३५ | ओ पि सी |
| २10।२०८०।०३।१९ | मदन भण्डारी चोक तलाङ चोक सडक निर्माण | ७२५ | ६५० | १२० | ७५ | ९००० | ११७० | ओ पि सी |
| २1१।२०८०।०३।१९ | जनता प्रा वि पहिरो नियन्त्रण योजना | ७२५ | ५८० | १९३ | १४५ | २७९८५ | ३६३८ | ओ पि सी |
| २२१।२०८०।०३।२० | कृषि संकलनकेन्द्र | ७२५ | ६५० | २९० | ७५ | २१७५० | २८२७.५ | ओ पि सी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२९।२०८०।०३।२० | सहकारीचोक देखि सिकाइकेन्द्र खहरेटोल नाली निर्माण | ६२० | ५५० | १८० | ७० | १२६०० | १६३८ | पि पि सी |
| २८९।२०८०।०३।२३ | रुचाङ्गस्वास्थ्य चौकी नजिकको धराडी खानेपानी मर्मत एवं निर्माण उ.स | ६२० | ५०५ | ८९ | ११५ | १०२३५ | १३३० | पि पि सी |
| २८१।२०८०।०३।२३ | नगरडाँडा नारीमिलन केन्द्रको भवन निर्माण | ६२० | ४२५ | १६० | १९५ | ३१२०० | ४०५६ | पि पि सी |
| ३१५।२०८०।०३।२४ | विद्यालय भौतिकतथा शैक्षिक पुर्वाधार निर्माण( सिद्धिविकद्याश्राम आ.वि बौदीकाली 1 सहित) 4 उपभोक्ता समिति | ६२० | ४२७ | ५० | १९३ | ९६५० | १२५४ | पि पि सी |
| ३१४।२०८०।०३।२४ | वडास्तरीयसामुदायिक भवन, मठमन्दिर निर्माण कम्पाउण्ड तथा मर्मत एवं व्यवस्थापन उ स | ६२० | ४८० | ५० | १४० | ७००० | ९१० | |
| | | ६२० | ४५१ | ६० | १६९ | १०१४० | १३१८ | पि पि सी |
| ३०६।२०८०।०३।२४ | रिद्दिमा भजनभवन निर्माण उ स | ६२० | ४८० | १५० | १४० | २१००० | २७३० | पि पि सी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३०३।२०८०।०३।२४ | सुखौरा खोलाकल्भर्ट निर्माण उस | ७२५ | ५८० | २७९ | १४५ | ४०४५५ | ५२५९ | ओ पि सी |
| २६०।२०८०।०३।२१ | पुरानो नरमज्येष्ठ नागरिक भवन निर्माण उ स | ७२५ | ६५० | १२० | ७५ | ९००० | ११७० | ओ पि सी |
| | | ६२० | ५५० | ९० | ७० | ६३०० | ८१९ | पि पि सी |
| **जम्मा** | | | | | | **६९१४४९** | **८९८८७** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,९१,४४८ |

५६.२ **न्यून बिजकीकरण** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको विल भरपाई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले विभिन्न काम उपभोक्ता समिति मार्फत गराएकोमा खर्चको विल परीक्षण गर्दा पालिकाले तयार गरेको दररेट भन्दा ज्यादै न्यून मात्रामा विजक पेश गरेको देखियो ।सिमेन्टको काममा जिल्ला दररेटमा ओपिसी सिमेन्ट प्रति बोरा रु ७२५ र पिपीसी सिमेन्ट प्रति बोरा रु ६२० रहेकोमा विभिन्न उपभोक्ता समितिले जिल्ला दररेटले तोके भन्दा न्यून दररेटमा खरिद गरी बिल पेश गरे पनि कार्यालयले भुक्तानी दिएको छ ।यसरी कार्यालयले प्रतिवोरा वढी मुल्यांकन गरी भुक्तानी गरेकोले १३ प्रतिशतले हुन आउने मुल्य अभिवृद्धी कर सम्वन्धितवाट असुल गरी दाखिला गर्नुपर्ने रु–

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८९,८८६.५२ |

५७ **नदीजन्य पर्दाथको उत्खनन कार्य -**

५७.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १९४११११११ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ३०७३८५४.९५ अर्थात अनुमान भन्दा १५.८४ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

५७.२ · पालिकाले २०७९ साल माघमा तयार गरेको वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन अनुसार बौदीखोलाको १८ वटा क्षेत्रबाटवार्षिक रुपमा ७९८०३ घन मिटर नदीजन्य पदार्थउत्खनन् गर्न सकिने उल्लेख भएको छ ।

· उक्त प्रतिवेदनमा प्रति दिन २९६ घन मिटर (११० ट्रयाक्टर) २७० दिन उत्खनन् गर्न सकिने व्यवस्था रहेको छ ।

· पालिकाले मिति २०७९/१०/२७ गते नदिजन्य पदार्थ बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार ३ वटा क्षेत्र(छेराङ्गकुना, शेराघाट र शेरा पचासे दोभान क्षेत्र)बाट १७७३४.११ घन मिटर नदिजन्य पदार्थ निकाल्न मिल्ने व्यवस्था रहेको छ ।

· छेराङ्गकुना क्षेत्रबाट ७५३४.२२ घन मिटर, सेराघाट क्षेत्रबाट ४१६५.६७ घन मिटर, सेरा पचासे दोभान क्षेत्रबाट ६०३४.२२ घन मिटर गरी जम्मा १४३६६.११ घन मिटर उत्खनन् गर्ने गरी सूचना प्रकाशित गरिएको देखिन्छ।

· छेराङ्गकुना क्षेत्रमा गौरीशंकर हिमालयन कन्स्ट्रक्सन प्रा.लि.संग ७५३४.२२ घन मिटर मु.अ.कर सहित रु. ३१५४४७९.४० मा सम्झौता भएको, सेराघाट क्षेत्रमा भिगोर कन्स्ट्रक्सन प्रा.लि. संग ४१६५.६७ घन मिटर मु.अ.कर सहित रु. १६९५००० मा सम्झौता भएको र सेरा पचासे दोभान क्षेत्रमा आदित्य निर्माण सेवा संग ६०३४.२२ घन मिटर मु.अ.कर सहित रु. २४३०६३० मा सम्झौता भएको छ । यस सम्बन्धमादेखिएको अन्यव्यहोरा यस प्रकार रहेका छन् ।

· गौरीशंकर हिमालयन कन्स्ट्रक्सन प्रा.लि. (छेराङ्गकुना क्षेत्र) बाट रु. ३१५४४७९.४० पालिकाको विभाज्य कोषमा दाखिला भएको देखिन्छ ।

· भिगोर कन्स्ट्रक्सन प्रा.लि. (सेराघाट क्षेत्र) बाट रु. १६९५००० पालिकाको विभाज्य कोषमा दाखिला भएको देखिन्छ ।

· आदित्य निर्माण सेवा (सेरा पचासे दोभान क्षेत्र) बाट रु. २४३०६३० पालिकाको विभाज्य कोषमा दाखिला भएको देखिन्छ ।

· यसै गरी ३ वटा क्षेत्रबाट मु.अ.कर बाहेकरु६४४२५७४.०७ (६० दिन) दाखिला भएको छ ।

· उक्त क्षेत्रहरु ठेक्का नलागेको ६० दिन भन्दा अगाडी अवैध उत्खनन् कार्य नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सेराघाट क्षेत्र (भिगोर कन्स्ट्रक्सन प्रा.लि.) र छेराङ्गकुना क्षेत्र (गौरीशंकर हिमालयन कन्स्ट्रक्सन प्रा.लि.) बाट नदिजन्य पदार्थ उत्खननको लागि रकम दाखिला भएको र ढुङ्गा, गिट्टी बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ को अनुसूची ४ क (उत्खनन् कर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख) र अनुसूची (४) ख(दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज) बमोजिम अभिलेख पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उक्त दुई क्षेत्रबाट के कति नदिजन्य पदार्थ उत्खनन् गरिएको हो सो सम्बन्धमा प्राविधिक मुल्यांकन गरी अभिलेख अद्यावधिक राख्नुपर्दछ ।

५८ **मृत्यु पश्चात भत्ता भुक्तानी -**सामाजिक सुरक्षा नियमावली २०७६को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तिको मृत्यु भएका उक्त लाभग्राहीलाई भत्ता पाउने सुचिबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नु पर्ने व्यवस्था भएकोमा पालिकाले चौमासिक भत्ता वितरण गर्दा देहायको व्यक्तिको मृत्यु पश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता असुल गरि संघिय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| **वडा नं** | **लाभग्राहीको नाम** | **मृत्यू मिति** | **जानुपर्ने रकम** | **गएको रकम** | **बढी रकम** |
|---|---|---|---|---|---|
| ६ | सरुमा ब्यम्वु | ०७९।०४।१६ | २००० | ४८००० | ४६००० |
| ६ | भजविर गाहा मगर | ०७९।०२।०५ | ४६६६ | १२००० | ७३३४ |
| ६ | मनकुमारी वयम्वु मगर | ०८०।०१।२८ | ४००० | १२००० | ८००० |
| ६ | यम वहादुर सिंजाली मगर | ०८०।०१।१३ | १७३२ | १२००० | १०२६७ |
| | जम्मा रकम | | | | ७१६०१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,६०१ |

५९ **अनुगमन तथा भ्रमण खर्च -**भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.१४ लाख ५२ हजार खर्च लेखेको छ । भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि व्यवस्थित गरी योजना अनुगमन सम्बन्धी भ्रमण गरेको भए स्थानीय वासिन्दाको पूष्ठपोषण समेत राख्ने व्यवस्था मिलाई भ्रमणको उदेश्य सुनिश्चित हुनुपर्दछ ।

६० **वितरणमुखी कार्यक्रम -** स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आय आर्जनसंग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनौटमा ध्यान दिनुपर्दछ । गाउँपालिकाले संघीय सरकारवाट सिमित श्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सिमित रहेको अवस्थामा सिमित श्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा वितरणमुखी योजनाहरु संचालन गरेको देखियो । यस्ता वितरणमुखी योजनाहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउने देखिदैन । यस प्रकारको योजनाहरुमा खरिद गरी

वितरण गरेका विभिन्न जिन्सी सामानहरु सम्बन्धित संस्थाको जिन्सीमा आम्दानी बाँधेको समेत देखिंदैन र यसरी संस्थाको जिन्सिमा आम्दानी नभएका सामानहरु संरक्षित पनि नहुने तथा यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ । केही उदाहरण

| गो.भौ.नं/मिति | विवरण | रकम |
|---|---|---|
| ४९४/०८०/०३/२४ | मगर साँस्कृतिक पोषाक वितरण तथा खैजडी खरिद क्रमशः पटुकी, भेलवट, टाटन सल, मुगिया बुट्टे, कपाल बाध्ने डोरी, घलेक लगायतका सामाग्री | ९९८७१ |
| ४५०/०८०/०३/२० | भन्ज्याङ्ग पञ्चे बाजा समूह बाजा खरिद क्रमश दमाहा, झुर्मा, सहनाई, नरसिंग, टेम्को, ढलकी लगायतका सामाग्री | १९४९२४ |
| ४७५/०८०/०३/२३ | महिला स्वास्थ्य सेवा तथा टोल संयोजक एवम् स्वास्थ्य गतिविधि समिक्षा (बैठक भत्ता तथा यातायात खर्च) | ४८००० |
| ४६८/०८०/०३/२३ | बेलभञ्याङ्ग मा वि तटबन्धन संरणको लागि पहिरो नियन्त्रण | ३००००० |
| जम्मा | | ६४२७९५ |

६१ **पदाधिकारीको दोहोरो सुविधा** -गण्डकी प्रदेशको गाउँसभा,नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ को दफा १६ मा ऐनले निर्धारण गरेकोमा बाहेक अन्य सुविधा नपाउने व्यवस्था रहेको छ । कार्यालयले गो भौ नं १४।०७९।०५।३० मा गाउँपालिका उपाध्यक्ष डिल कुमारी सरु मगरलाई यातायात सुविधा बापतको भाद्र देखी माघसम्मको रु.१२००० को दरले रु ७२००० रकम भुक्तानी दिएकोमा पालिकाबाट समेत निजले सवारी सुविधा प्रयोग गरेकोले दोहोरो सुविधावापतको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७२,००० |

६२ **पदाधिकारीको इन्धन खर्च** -गण्डकी प्रदेश राजपत्र (२०७७/३/२६) अनुसार अनुसुचीमा गा.पा. पदाधिकारी तथा सदस्यले पाउने सुविधा उल्लेख छ । जसअनुसार अध्यक्षले मासिक ९० लि. डिजेलले वार्षिक १०८० लि मात्र नियम अनुसार पाउनेमा १५२७ लि. बढी खपत गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६३ **विदुर भत्ता** -कार्यपालिकाको मिति २०७९/०७/२९ को निर्णय नं १४ मा वार्षिक स्वीकृत कार्यक्रम अनुसार विदुर भत्ता वितरणको लागि यस चौमासिकमा नगदै उपलब्ध गराउने तथा आगामी दिनबाट बैंकिङ प्रणाली मार्फत भूक्तानी गर्ने भनी निर्णय भएबमोजिम यस वर्ष ६१ जना विदुर पुरुषलाई मासिक १००० को दरले रु ७१९००० भूक्तानी गरेको प्रास विवरणबाट देखिन्छ । केन्द्र सरकारबाट समेत लक्षित वर्गलाइ सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने भएकाले स्थानीय स्तरबाट समेत उस्तै कार्य गर्दा दोहोरो पर्ने सक्ने तथा यस्तो कार्यबाट उत्पादन वा रोजगारीमा परेको असर र प्रभाव विश्लेषण गर्न समेत नसकिने हुँदा नियमसंगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७,१९,००० |

६४ **तलवी प्रतिवेदन पारित नभएको -**निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ तथा सम्बन्धित ऐन बमोजिम कार्यालयले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आबमा तलवी प्रतिवेदन पारित नगरी विभिन्न २४ पदको कर्मचारी रु.११६८२१६४ खर्च लेखेकोमा यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

*यस सम्बन्धमा तलबी प्रतिवेदन पारित गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयमा लेखी पठाएको जवाफ कार्यालयले छलफलको क्रममा दिएको छ ।*

६५ **ऐनको परिपालना तथा कार्यान्वयन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८(५)मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो। गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन। यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन । गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

६६ **चालक अनुमति पत्र वेगर सवारी साधन वितरण -**गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यालयका देहायका पदाधिकारीलाई चालक अनुमति पत्र वेगर सवारी साधन वितरण गरेकोले फिर्ता गरी जिन्सी खातामा दाखिला गर्नुपर्ने रु

| सि.नं. | पद | गाडी नं | पदाधिकारीको नाम | सवारी-साधन किसिम | रकम | बुझेको मिति |
|---|---|---|---|---|---|---|
| १ | वडा सचिव | ग.प्र. ००१ ब ०००७ | नारायण प्रसाद ओझा | मोटरसाईकल | २४०९०० | ६५५०१ |
| २ | वडा अध्यक्ष | ग.प्र. ००१ब ००७५ | श्याम सुन्दर श्रेष्ठ | मोटरसाईकल | २८०५०० | ६५९४६ |
| ३ | उपाध्यक्ष | ग.प्र. ००१ ब ०००५१ | डिल कुमारी के.सी. सारु मगर | मोटरसाईकल | ३८४९०० | ६५७०२ |
| | जम्मा रकम | | | | ९०६३०० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,०६,३०० |

६७ **रिक्त दरबन्दी र पदपूर्ती** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त वितरण अनुसार कार्यालयमा 31 स्वीकृत दरबन्दी भएकोमा १२ पदपूर्ति भएको तथा १९ पद रिक्त रहेकोले रिक्त पद तुरुन्तै पदपूर्ति गर्नु पर्ने देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सिभिल ईन्जिनियर-१, प्रशासन छैंठौ-२, प्रशासन पाचौं-२, कम्प्युटर अपरेटर-१, सहायक चौथो (वडा सचिव)-४, असिस्टेन्ट सव-ईन्जिनियर-२, सव-ईन्जिनियर-२ सहितका पदहरु रिक्त देखिन्छन। पालिकाले मिति २०७८/०५/१३, २०७८/०५/३१, २०७९/०६/२५ र २०८०।०५/२१ मा पदपूर्तिको लागी लोकसेवा आयोगमा माग गरी पठाएकोमा हाल सम्म पदपूर्ति भएको देखिएन। यस बाट पालिकाको दैनिक कार्यसम्पादन तथा सेवा प्रवाहमा समस्या भएकोले तुरुन्तै पदपूर्ति गरी कार्य गर्नुपर्दछ साथै पालिकाको ६ वडामा १ जना सचिवबाट मात्र कार्य गर्नु पर्ने स्थितिले सेवा प्रवाह प्रभावित भएको देखिन्छ।

६८ **अनुगमन नभएको** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६(४) ख(५) मा उपाध्यक्ष वा उप-प्रमुखको काम, कर्तव्य वा अधिकार अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने उल्लेख छ।यस पालिकाको विभिन्न योजना तथा कार्यक्रमको परीक्षण गर्दा निम्न योजना तथा कार्यक्रमको तोकिए बमोजिम अनुगमन भएको देखिएन। अनुगमन प्रतिवेदन संलग्न गरेमात्र भुक्तानी गर्नुपर्नेमा प्राविधिक मूल्याङ्कन, उपभोक्ताको बिल, सामाग्री बुझेको भर्पाइको आधारमा भुक्तानी दिएको देखिन्छ। साथै प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ दफा २० मा कार्यक्रम वा आयोजना संचालन गर्दा एकआपासमा दोहोरा नपारी संचालन गर्नुपर्ने, कुनै कारणबाट कार्यक्रम/आयोजना दोहोरो परेको भए सम्बन्धित प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाउनुपर्ने व्यवस्था उल्लेख छ। पालिकाले यस प्रकारको कार्यक्रमहरू संचालन गर्दा दोहोरो नपर्ने गरी, लक्षित वर्ग छनोटको आधार स्पष्ट बनाई प्राप्त प्रतिफलको सुनिश्चितता गर्न तोकिए बमोजिम योजना तथा कार्यक्रमको ठोस अनुगमन भई प्रतिवेदन पेश गर्नुपर्ने रु

| **गो.भौ.नं./मिति** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| ४६७/३/२३ | दलित प्रर्वधन/ सशक्तिकरण कार्यक्रममा सिलाई मेशिन वितरण (सिलाई मेशिन २६ वटा लगायत) | ५८९६५० | भरपाई नभएको |
| ३०९/०३/२४ | एक वार्ड एक नमुना फर्म स्थापना र विकासमा Deep irrigation pipe, Hajari, कालो इनामेल, सिमेन्ट,Plastic tray,Green net लगायतका सामग्री वितरण | १९१५२० | - |
| | गौरीशंकर पशुपन्छी तथा कृषि फर्म, शितल एकिकृत पशुपन्छी तथा कृषि फर्म बौदीकाली वडा नं १ मिथुकरम | | |

| | जम्मा रकम | ७८११७० | |
|---|---|---|---|

| अनियमित भएको | ७,८१,१७० |
|---|---|

६९ **स्पष्ट उद्देश्य बेगरको भ्रमण खर्च** -भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण गर्नुको उद्देश्य एवं कार्य स्पष्ट उल्लेख गरी सम्बन्धित अधिकारीबाट स्वीकृत गराइ मात्र भ्रमण खर्च बुझी लिन पाउने व्यवस्था छ । कार्यालयको कामकाजको सिलसिलामा कुनै कर्मचारी एवं पदाधिकारीले भ्रमण गर्दा भ्रमण गर्नुको स्पष्ट उद्देश्य र प्रयोजन खुलाइ माथिल्लो तहको पदाधिकारीबाट स्वीकृत गराइ मात्र भुक्तानी खर्च लिनुपर्दछ । नमुना परीक्षणका आधारमा लेखापरीक्षण गर्दा कार्यालयले गो भौ नं ३४५।०८०।२।११ मा गा.पा. उपाध्यक्ष डिल कुमारी के.सी. सारु मगरको भ्रमण खर्च वापतको निम्नानुसार रु. ४४००० भूक्तानी दिएकोमा भ्रमण आदेश नं एकमुष्ठ प्रविष्ट भएको, भ्रमणको आदेश र भ्रमण स्थान विच तादम्यता नभएको, मिति र भ्रमण आदेश नम्बर नमिलेको, आयोजक संस्थाको पत्र पेश नभएकोले अनियमित देखिएको रु.

| सि.नं. | आदेश नं | भ्रमण स्थान | भ्रमण अवधी | भ्रमणको उद्देश्य | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १७८ | काठमाण्डौं | १२/१३-१२-१९ | न्यायिक समिति सम्बन्धी कार्यक्रम | १०००० | पत्र पेश नभएको |
| २ | १७९ | कावासोती | १२/९-१२/११ | अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण | ३६०० | पत्र पेश नभएको |
| ३ | १८० | कावासोती | ११/२३-११/२५ | अन्तराष्ट्रिय महिला दिवस कार्यक्रममा सहभागी | ३६०० | पत्र पेश नभएको |
| ४ | १८१ | पोखरा | ११/१७-११/१९ | अपाङ्गगता सम्बन्धी अभिमूखीकरण तालिम | ३६०० | पत्र पेश नभएको |
| ५ | १८२ | कावासोती | ११/१०-११/१२ | अपाङ्गता परिचय पत्र वर्गिकरण | ३६०० | पत्र पेश नभएको |
| ६ | १८३ | कावासोती | १०/२७-१०/२८ | विभिन्न विषयमा अन्तरक्रिया | ५८५० | पत्र पेश नभएको |
| ७ | १८४ | कावासोती | १०/२४-१०/२६ | प्रदेश लोक सेवा आयोगको कार्यक्रम | ३६०० | पत्र पेश नभएको |
| ८ | १३८ | गैडाकोट | ९/५-९/७ | अभिमुखी कार्यक्रममा सहभागी | ३६०० | पत्र पेश नभएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | १८५ | पोखरा | ८/१४-८/१६ | न्यायिक समितिको क्षमता अभिवद्धि सम्बन्धी 1 दिने कार्यक्रम | ३६०० | पत्र पेश नभएको |
| १० | १८६ | कावासोती | ५/६-५/८ | जिल्ला निर्वाचन आयोगको कार्यक्रम | ३६०० | पत्र पेश नभएको |
| ११ | १८७ | रतनपुर | १/२८-२/१ | न्यायिक समिति सम्बन्धी कानुनी तालिम | ६८०० | पत्र पेश नभएको |

| | |
|---|---|
| अनियमित भएको | ४४,००० |

७० **मू.अ.कर. फिर्ता** -मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको २१ औं संशोधन अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघसंस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले नेपाल वायर एण्ड केबल्स प्रा लिबाट १५००० मिटर रु ४० का दरले रु ६००००० को विद्युतीय तार खरिद गरी रु ७८००० भ्याट भुक्तानी गरेकोमा भ्याट रकमको ३० प्रतिशतले हुने रु. २३४००/- कट्टा गरी भुक्तानी गरेको नदेखिएकोले मू अ कर समायोजन प्रमाणपत्र पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,४०० |

७१ **सुरक्षित नागरिक आवास कार्यक्रम** -सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधी, २०७५ को दफा ५ उपदफा ८ बमोजिम पहिलो किस्ता बापत साठी प्रतिशत रकम प्राप्त गरेका लाभग्राहीले उक्त रकमबाट जस्तापाता र काठ लगायतको सामग्री खरिद गरी निर्माण कार्य समपन्न भएको भनी स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसका आधारमा मात्र दोस्रो किस्ता उपलब्ध गराउने र दफा ६ मा तोकिएको कार्य प्रगती नभएमा उक्त रकम सम्बन्धित लाभग्राहीबाट असुल उपर गर्ने व्यवस्था रहेको छ ।यस आर्थिक वर्षमा खरको छानो विस्थापन कार्यक्रम अन्तर्गत छनौट भएका विभिन्न वडाका २४९ घर धुरीसँग सम्झौता भई २४९ घरधुरीको प्रथम किस्ता बापतको अनुदान निकास भएकोमा २३५ घर धुरीले मात्र कार्यप्रगतिको आधारमा दोस्रो किस्ता रकम निकासा लगेकोमा बाँकी १४ लाभग्राहीहरुले पहिलो किस्ता रकम लिएको तर दोस्रो किस्ता रकम भुक्तानी भएको छैन साथै हाल सम्म पनि कार्यालयले उक्त कार्यको प्राविधिक मूल्याङ्कन गरेको छैन र लाभग्राहीबाट पनि सो सम्बन्धमा कार्यालयमा कुनै कागजात पेश नभएकोले उक्त रकमको सदुपयोग भए नभएको सम्बन्धमा सुनिश्चित हुन नसकिएकोले सम्बन्धितबाट प्राविधिकबाट मूल्यांकन गरी प्रमाण पेश गर्नु पर्ने रु

| **लाभग्राहीको नाम** | **ठेगाना** | **रकम** |
|---|---|---|
| बुद्धिसरा सार्की | बौधिकाली १ | ३०००० |

| | | |
|---|---|---|
| याम बहादुर सार्की | बौधिकाली १ | ३०००० |
| प्रेम बहादुर वि क | बौधिकाली १ | ३०००० |
| गेमलाल विश्वकर्मा | बौधिकाली १ | ३०००० |
| इन्द्रमाया कामी | बौधिकाली १ | ३०००० |
| सम्भु विश्वकर्मा | बौधिकाली १ | ३०००० |
| विष्णुमाया सार्की | बौधिकाली १ | ३०००० |
| सुकमाया श्रेष्ठ | बौधिकाली १ | ३०००० |
| इश्वरी जीसी | बौधिकाली २ | ३०००० |
| मनुमाया नेपाली | बौधिकाली २ | ३०००० |
| केशर वहादुर राना | बौधिकाली ५ | ३०००० |
| | जम्मा रकम | ३३०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३०,००० |

७२ **विद्यालयको शैक्षिक गुणस्तर एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान** -विद्यालय क्षेत्र सुधार कार्यक्रमकार्यान्वियन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यायलमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न छनौट भएको विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान दिने र उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक,सन्दर्भ सामाग्री तथा लाइब्रेरी, विज्ञान प्रयोगशाला शिक्षण सिकाईका लागिICT ल्याब को लागि खर्च गर्ने सकिने व्यवस्था रहेको छ।विद्यालयले उक्त सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरुपुरा गरी सामाग्री खरिद गर्ने उक्त कार्यको विल भरपाइ र प्रमाणहरु पेश गर्नुपर्ने तथा उक्त कार्यको स्थानीय तहबाट अनुगमन गरी सोको प्रतिवेदन गर्नुपर्ने व्यवस्था रहेकोमा खरिद कानुन विपरित आधिकारिक कोटेशन माग र तुलनात्मक चार्ट तयार नगरी नागडाँडा माविमा पुस्तकालय स्थापनाको लागि पुस्तकहरु खरिद गरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,०९,२०७ |

७३ **उत्कृष्ट विद्यालय सिकाइ अनुदान** - विद्यालय क्षेत्र सुधार कार्यक्रमकार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालय व्यवस्थापन अनुदान निर्देशिका २०७४ बमोजिम विद्यालयबाट प्राप्त प्रस्तावको आधारमा विद्यालयको कार्यसम्पादन स्तरको मुल्यांकन गरी उत्कृष्ट विद्यालयलाई रु २ लाख उपलब्ध गराउने र उक्त रकम विद्यालयले शैक्षिक

गुणस्तरका क्षेत्र एकिन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले तोकिएको मापदण्ड बमोजिम गो भौ नं २०२।०८०।०३।२० मा डेढगाँउ माविलाइ रु २ लाख अनुदान रकम उपलब्ध गराएकोमा उक्त रकम खर्च हुन नसकि विद्यालयको खातामा रहेको तथा आर्थिक वर्षको अन्त्यमा अनुदान रकम निकासा हुँदा उक्त रकम खर्च हुन नसकेको भन्ने जवाफ विद्यालयको रहेको हुँदा आर्थिक वर्षको अन्त्यमा बजेट छर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ साथै निकासा भइ खर्च हुन नसकेको तोकिएको क्षेत्रमा खर्च गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

७४ **कृषि अनुदान -**सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन।

| **भौ नं** | **विवरण** | **रकम** |
|---|---|---|
| | तरकारी ब्लक स्थापना र प्रवर्द्धन कार्यक्रम | ४३८०२४ |
| | गोठ सुधार कार्यक्रम | ४६५५६२ |
| | माटो परिक्षण शिविर संचालन | ११६९३७ |
| | कृषक तालिम तथा क्षमता विकास कार्यक्रम | २२८२४० |
| | एक वडा एक नमुना फर्म स्थापना तथा विकास | २२९५९० |
| | सिमलटार मास्कीथर खानेपानी तथा करेसावारी निर्माण | १४३८६२ |
| जम्मा | | १६२२२१५ |

यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन।

(क) अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

ख) कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

(ग) अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था देखिएन ।

घ) पालिकाले एकै प्रकृतिका अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकावाट सञ्चालन गरेको भएतापनि कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतिका कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ।

७५ **ल्याव व्यवस्थापन अनुदान** -विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न छनौट भएको विद्यालयलाई प्रति विद्यालय ल्याव व्यवस्थापन वापत २ लाखको दरले अनुदान दिने र उक्त अनुदानबाट विद्यालयले ल्याब व्यवस्थापनमा खर्च गर्ने सकिने व्यवस्था रहेको छ। कार्यालयले गो भौ नं ११०।०८०।०१।१० मा ल्याव व्यवस्थापन अनुदान वापत डेढगाउँ माविमा रु २ लाख अनुदान दिएकोमा तोकिएको क्षेत्रमा खर्च भएको पुष्टाई हुने गरी प्रमाण कागजात पेश नभएकोले सम्बन्धित क्षेत्रमा खर्च भएको स्पष्ट हुने गरी प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

७६ **डि पि आर खर्च** -कार्यालयले बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले गो भौ नं ७।०७९।०५।१३ मा इल्दीखोला मोटरेवल पुलको डि पि आर निर्माण कार्यको लागि वारवरा इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि सँग २०७८।११।१ मा कार्य सम्पन्न गर्ने गरी मु अ कर सहित रु १४९९५१० मा सम्झौता गरेकोले उक्त कार्यमा बजेट विनियोजन नभएकोले अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १४,९९,५१० |

७७ **अनुत्पादक खर्च** -सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा खर्च गरेको देखिन्छ । स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा यस स्थानीय तहले देहाय अनुसारका

पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. २१४११४५ भुक्तानी दिएको पाईयो ।यस्तो कार्यलाई निरुत्साहित गरी उत्पादनशील कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ ।

| **गो भौ नं मिति** | **योजनाको नाम** | **खर्च रकम** |
|---|---|---|
| २०७।२०८०।०३।१९ | मधुकोट सच्चाइ भवन निर्माण | २८५४६७.४ |
| २०९।२०८०।०३।१९ | हिमचुली आमा समूह निर्माण | ४८६४११.८ |
| २१२।२०८०।०३।१९ | केशरानी सामूदायिक भवन निर्माण | ४०३२१५ |
| २१४।२०८०।०३।१९ | ल्हापे सच्चाइ भवन निर्माण | ८३०५१ |
| २२२।२०८०।०३।२० | शिवालय ट्रस भवन निर्माण | २९६२७५ |
| २३१।२०८०।०३।२० | नेवारीबारी सच्चाइ भवन अधुरो निर्माण | १००००० |
| २३९।२०८०।०३।२० | गोतामे चौतारी मन्दिर निर्माण तथा सत्सङ्ग भवन वडा नं ३ | ३००००० |
| २48।२०८०।०३।२1 | नरमछाप सत्यवचन भवन निर्माण | १८६७२५ |
| | **जम्मा** | **२१४११४५** |

७८ **ग्याबिन जालीमा बढी भुक्तानी -**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । गो भौ नं मिति १५३।२०८०।०३।०३ बाट शेराखेत तटबन्ध तथा संरक्षण उपभोक्ता समितिको ग्याबिन जाली भर्ने कार्यमा कार्यसम्पन्न प्रतिवेदन बमोजिम 2*1*1 को ३२ तथा 1.5*1*1 को ३२ जाली समेत ६४ ग्याबिन जालीको भुक्तानी भएकोमा वास्तविक खरिद बिलसँग भिडान गर्दा ६२ ग्याबिन जाली मात्र खरिद गरेको पाइयो ।अतः खरिद संख्या भन्दा बढी भुक्तानी भएकोले 2*1*1 साइजको १ ग्याबिन जालीको दर विश्लेषण बमोजिमको दर रु १०१००.५७ र 1.5*1*1 साइजको १ ग्याबिन जालीको दर विश्लेषण बमोजिमको दर रु ७६२१.९१ समेत रु १७७२२.४८ सम्बन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,७२२ |

७९ **कृषि संकलन केन्द्रको संचालन -**सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाको २ नं वडामा विभिन्न कृषि सहकारी संस्थाहरुबाट उत्पादित उपजहरु संकलन तथा भण्डारण गरी बजारीकरणका लागि अन्यत्र ठूला शहरहरुमा निर्यात गर्ने उद्देश्यले कृषि संकलन केन्द्र निर्माण भइ पालिकाबाट रु ९००००० भुक्तानी भएको देखिएपनि निर्मित संरचना प्रयोगमा आएको देखिएन । उक्त केन्द्रको सञ्चालन कार्यविधि बन्न नसकेका कारण संकलन केन्द्र निर्माण भएको ६ महिना बितिसक्दा समेत संचालनमा आउन नसकेको पालिकाको जवाफ रहेको छ । सञ्चालन गर्न

आवश्यक सबै पूर्वाधार तयार गरेर संरचना निर्माण गर्नासाथ सञ्चालनमा ल्याएको खण्डमा मात्र बजेट खर्च उद्देश्यमूलक एवं प्रतिफलयुक्त हुने देखिन्छ ।बजेट खर्च मात्र गर्ने उद्देश्यले गरिएको भुक्तानी नियमसंगत नदेखिएको रु





| | |
|---|---|
| अनियमित भएको | ९,००,००० |

८० **स्थलगत लेखापरीक्षण -**

८०.१ **१५ शैया अस्पताल निर्माण कार्यः-**ठेक्का नं.ः- BAUD/NCB/WORKS-3/2077/2078(RE) बाट १५ शैया अस्पताल निर्माण कार्यको लागी स्वीकृत लागत अनुमान रु. १८१३६६९७२.५८ (मू.अ.क सहित) भएकोमा विद्युतीय खरीद प्रणाली मार्फत न्युनतमकवुल गर्ने माउण्टेन इन्फ्रा कम्पनी लिमिटेड, पानीपोखरी काठमाण्डौसँग प्रथम पटक म्याद थप (२०८०।९।२९ मा सम्पन्न हुने गरी रु.१५३२८८२७७.४९ (मू.अ.कर सहित) सम्झौता भएकोमा आर्थिक वर्ष २०७९।८० सम्म चार वटा आइपीसी बिलबाट ९४४६०५०७.०३ मू.अ.कर सहित) भुक्तानी भएको प्राविधिक मुल्याङ्कनबाट देखिन्छ।मिति २०८०।८।२२ प्रशासकीय अधिकृत श्री उज्वल बहादुर बस्नेत, ईन्जिनियर श्री श्रृजन श्रेष्ठ, लेखा अधिकृत शरद न्यौपाने सहितको उपस्थितिमा स्थलगत लेखापरीक्षण गर्दा करीव ९० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। बाँकी मुख्य कार्यहरुमा लिफ्ट जडान, ट्रान्सफर्मर जडान, विद्युतीय आइटम फिटिङ्ग गर्ने कार्य बाँकी देखिन्छ। बाँकी निर्माण कार्य सम्झौता अवधीभित्र सम्पन्न गर्नुपर्दछ।

८०.२ **प्रशासकीय भवन निर्माण कार्यः-** ठेक्का नं.ः- BAUD/NCB/WORKS-2/2078/79 बाट प्रशासकीय भवन निर्माण कार्यको लागी स्वीकृत लागत अनुमान रु.६३४४५७८६.५७ (मू.अअ.क सहित) भुक्तानी भएकोमा विद्युतीय खरीद प्रणाली मार्फत न्युनतमकवुल गर्ने कामाख्या/बि.एम.जे.भी, विदुर-१ नुवाकोटसँग २०८०/०१/२२ मा सम्पन्न हुने गरी रु. ६३४४५७८६.५७ (मू.अ.कर सहित) सम्झौता भएकोमा आर्थिक वर्ष २०७९/०८० सम्म चार वटा आइपीसी बिलबाट ३०८१७४७२.४ (मू.अ.कर सहित) भुक्तानी भएको प्राविधिक मुल्याङ्कनबाट देखिन्छ।मिति २०८०।०८।२२ प्रशासकीय अधिकृत श्री उज्वल बहादुर बस्नेत, ईन्जिनियर श्री श्रृजन श्रेष्ठ, लेखा अधिकृत शरद न्यौपाने सहितको उपस्थितिमा स्थलगत लेखापरीक्षण गर्दा करीव ७० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। बाँकी मुख्य कार्यहरुमा रङ्गरोगन, कम्पायउण्ड वाल, विद्युतीय आइटम फिटिङ्ग गर्ने कार्य बाँकी देखिन्छ। बाँकी निर्माण कार्य सम्झौता अवधीभित्र सम्पन्न गर्नुपर्ने देखिन्छ।

८१ **आन्तरिक लेखापरीक्षण** -आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७मा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । यस कार्यलयले २०७९।८० को आर्थिक कारोबारको वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ। आन्तरिक लेखापरीक्षणवाट देखिएको वेरुजुलाई हालसम्म कार्यालयले फछ्र्यौट गरेको छैन । अतः उक्त रकम फछ्र्यौट गर्नुपर्ने रु

| **भौ नं** | **वेरुजुकोव्यहोरा (प्रमाण पेश गर्नुपर्ने)** | **रकम रु.** |
|---|---|---|
| ३ | धारणा प्रिन्टिङ्ग प्रेसलाइ छपाई सम्बन्धित गरिएकोको भुक्तानीमा धारणा प्रिन्टिङ्ग प्रेसर गाउँपालिका विचको सम्झौता पत्र संलग्न नरहेको । | १३८४२५ |
| ४ | सवारी साधन नं. ग 4.001, ब.0002,008, लु 36 प 4800 गरि 3 वटा सवारीलाइ सवारी मर्मत बापतएडभान्स क्रियटिभलाई गरिएकोभुक्तानीमा मा.ले.प फा नं ४१४ मर्मत आदेश र ४१५मर्मत अभिलेख खातामा अभिलेखनराखिएको | ३६९१५ |
| १७ | उदय मा.वि. भवन निर्माण सम्बन्धी सम्बन्धिको भुक्तानीमा जारी गरीएको भ्याट विलमा फोटोकपीविल मार्फत रु.९२,४३० बराबरको रकम भुक्तानी लिएकोले सक्कल कर विजक पेश नभएको। | |
| | | रु.९२४३० |
| ५१ | सम्राट विल्डर्स एण्ड सप्लायर्सलाई विशेष सार्वजनिक पुर्वाधारनिर्माण शीर्षकबाट गरिएको भुक्तानीमा सो कार्यमा जारी गरिएको विलमा विजक नंहस्तलिखित भएको र विल जारी गर्दा परिमाण र दर पनि उल्लेख नगरिएको पाइयो। भ्याटविल जारी गर्दा हस्तलिखित गर्न नहुने। | |
| ७८ | ईलाका प्रहरी कार्यालय घेरवारभुक्तानीमा रु.४७९७८३.१९को प्राविधिक मुल्याङ्कन रहकोमा मा रु ४१२३४५ कोमात्र विल तथा भरपाई पेश गरिएकाले रु ६७४३८बराबरको विल तथा भौचर अपुग भएकोलेअपुग विल बराबरको प्रमाण पेश गर्न पर्ने । | ६७४३८ |
| १०२ | आमा समूह भवन निर्माण उ.स. लाईगरिएको रु ४०००००को भुक्तानीमा कार्यसम्पन्न प्रतिवेदन तथा ठेक्का सम्बन्धीविलमा रु. ५१६८६८.७४भएको तर विल भौचर तथा भरपाई जम्मा रु ४५४५११ पेश गरिपूरा भुक्तानी लिइएको बाकी रु६२३५७7 वरावरको विल तथा भरपाईको प्रमाण पेश गर्नुपर्ने। | ६२३५७ |
| १५३ | शेरा खेत तटबन्धन तथा संरक्षण लाईगरिएको रु.६५०००००को भुक्तानीमाKohinoor Wire बाट जारी गरिएको रु २२००५६.२०विल फोटोकपी रहेकोले सक्कल विल विजक पेश हुनुपर्ने। | २२००५६ |
| १५८ | लुङ्गेलीथर आमा समूह भवन निर्माणमागरिएको रु १२००००को भुक्तानीमा कार्य सम्पन्न प्रविधिक प्रतिवेदनमारु १३८१६७७गरिएकोमा विल भौचर सहित रु. १३२४४०५संलग्न गरिएकोले रु ५७२७२कोबिल तथा भौचर अपुग रहेकोले उल्लेखित रकम बमोजिमको विल तथा भौचर संलग्न गर्नपर्ने। | ५७२७२ |

| | | |
|---|---|---|
| | जम्मा प्रमाण पेश गर्नुपर्ने रकम | ६७४८९३ |
| | वेरुजुको व्यहोरा (अनियमित भएको) | |
| ३२ | बम बहादुर विष्टलाइ सवारी साधनमर्मत बापत गरिएको भुक्तानीमा रु२५६१८बापतको विल व्यक्तिगत नाममा रहेको भ्याटविल अनिवार्य रुपमा कार्यालयको नाममा हुनुपर्ने हुदा नियम संगत नदेखिएको । | रु.२५६१८ |
| | भ्याट बिल अनिवार्य रुपमा कार्यालयको नाममा हुनुपर्नेमा ह.स.चा. बमबहादुर विष्टको नाममा रु.२५६१८ को विल जारी गरि भुक्तानी लिइएको । | |
| ७२ | खेलकुद प्रवर्द्धन कार्यक्रममागरिएको रु.४००००को भुक्तानी दर्तावाला खेलकुद संस्था वा क्लवलाई गर्नुपर्नेमाव्यक्तिगत खातामा भुक्तानी दिइएका कारण अनियमित देखिएको । | रु.४०००० |
| ३८ | विशेष सार्वजनिक पुर्वाधार निर्माणवाट ह्युम पाइप खरिद तथा ढुवानीका लागि श्याम बहादुर पाटा मगरलाई गरिएकोरु.२४२५९रकम बराबरको भुक्तानीमा कार्यपालिकाको निर्णय भुक्तानी गरिएकोलेअनियमित देखिएको। | २४२५९ |
| | जम्मा अनियमित देखिएको रकम | ८९८७७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६४,७७० |

८२ **दलित प्रवर्धन तथा सशक्तिकरण कार्यक्रम** -गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७९ को नियम ३६ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले गो भौ नं४६७।०८०।०३।२३ मा दलित प्रवर्धन तथा सशक्तिकरण कार्यक्रम अन्तर्गत कार्यविधी, स्वीकृत नगरी वडा कार्यलयको सिफारिसको आधारमा विभिन्न वडाको ३५ जना दलितलाई सिलाई मेशिनमा कैची, लगायतको रु. ५८९६५० को सामाग्री वितरण गरेको छ। वितरण भरपाईमा सबै लाभाग्राहीको सम्पर्क नम्बर उल्लेख भएको छैन। सम्बन्धित लाभाग्राहीलाई सिपमूलक तालिम नदिई समान वितरण गरेको तथा लेखापरीक्षणको क्रममा केही लाभग्राहीलाई फोन सम्पर्क गर्दा उक्त सामाग्री प्रयोगमा नआएको समेत जवाफ दिएकोले यस्ता सामाग्री वितरण गर्दा सिपमूलक तालिम दिई आय-आर्जन गर्न प्रोत्साहित गर्नुपर्दछ साथै वितरण गरिएको सामग्रीको उपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी प्राप्त प्रतिवेदनको आधारमा नियमित गर्नुपर्ने रु

| | |
|---|---|
| अनियमित भएको | ५,८९,६५० |

८३ **मू अ करमा दर्ता नभएकोसँग खरिद** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार बीस हजार भन्दा माथिको खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उपभोक्ता समिति मार्फत विभिन्न निर्माण कार्य गराउँदा निर्माण सामग्रीको खरिदमा भ्याट

बिल प्रयोग गर्नुपर्नेमा भरपाइबाट खरिद गरेकोमा भुक्तानी गरेको पाइयो ।यसरी भरपाइबाट निर्माण सामग्री खरिद गर्दा सरकारलाई प्राप्त हुने मू अ कर छली हुने हुँदा यस्तो कार्यलाई निरुत्साहित गर्नुपर्दछ । केही उदाहरण

| **गो भौ नं मिति** | **योजनाको नाम** | **खरिद सामग्री** | **रकम** |
|---|---|---|---|
| १७।२०७९।०९।११ | बबक सामूदायिक भवन निर्माण | झ्याल ढोकाको लागि काठ | २११००० |
| १७।२०७९।०९।११ | बबक सामूदायिक भवन निर्माण | ढुंगा गिट्टी बालुवा | १२०००० |
| **जम्मा** | | | **३३१०००** |

८४ **पेश्की बाँकी** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्र्यौट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार म्याद समाप्त भएको पेश्की हालसम्म फछ्र्यौट नगरेकोले उक्त पेश्की फछ्र्यौट गर्नुपर्ने रु..

| **सि.नं.** | **गो. भौ. न.** | **पेश्कीको विवरण** | **पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम** | **म्याद ननाघेको** | **म्याद नाघेको** |
|---|---|---|---|---|---|
| १ | १३ | प्रमुख प्रशासकीय भवन निर्माण मोबिलाइजेशन पेश्की | कामाख्या । वि.एम. जे.भी. | ३३७६१७२ | ० |
| २ | १५ | प्रमुख प्रशासकीय भवन निर्माण मोबिलाइजेशन पेश्की | कामाख्या । वि.एम. जे.भी. | १४३०३५७ | ० |
| ३ | १५१ | बौद्धीकाली चक्रपथ सिंहटारी खण्ड कालोपत्रे | धनञ्जय ईन्जिनियरिङ्ग प्रा.लि. | ११००००० | ० |
| ४ | ३१२ | गाउँपालिका चक्रपथ मिथुकरम ववक खण्ड DPR अनुसार कालाेपत्रे गर्ने | अविसेक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६५२५०० | ० |
| ५ | ३१२ | गाउँपालिका चक्रपथ मिथुकरम ववक खण्ड DPR अनुसार कालाेपत्रे गर्ने | अविसेक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६५२५०० | ० |
| | १२१ | उज्यालो बौदीकाली निर्माण (मिटरबक्समा नगद अनुदान) | ने.बि.प्रा. संकलन खाता लेखनाथ | ० | १०३९०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३१४ | उज्यालो बौदीकाली निर्माण (मिटरबक्समा नगद अनुदान) | ने.बि.प्रा. संकलन खाता लेखनाथ | ० | ७१७८३५ |
| | ४२४ | जिल्ला समन्वय समितिले संचालन गर्ने गरी सामाजिक विकास कार्यक्रम | जिल्ला समन्वय समिति | ३००००० | ० |
| | २०० | पोषण सुधारको लागि विपन्न समूदायका महिला समूह वा सहकारीहरूलाई विपन्न सदस्यहरूको आयआर्जन सुधार कार्यक्रमको गर्न अनुदान | लगनशील महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ६२५००० | ० |
| जम्मा | | | | ८१३६५२९ | ८२१७४० |

| | |
|---|---|
| पेश्की | ८,२१,७४० |

**अनुसूचीहरू**

**अनुसूची - १**

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: बौदीकाली गाउँपालिका, नवलपुर , बुंगदीकाली गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पुर्व

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लेख बहादुर बस्नेत | २०७९-५-२७ | २०८०-४-३१ |
| कार्यालय प्रमुख | उज्जवल बहादुर बस्नेत | २०८०-५-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शरद न्यौपाने | २०७९-६-१३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२१२,४९४.५२ | ६,६९६,८२० | ४,६०९,४७८ | ० | ० | ८२१,७४० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १३,३४०,५३२.५२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १३,३४०,५३२.५२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १५६७८६७०५.१३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१०८८६००० | **चालु खर्च** | २१६७५७८२६.२ |
| **प्रदेश सरकारबाट अनुदान** | ९२५९०००.० | **पूँजीगत खर्च** | १२८७२९५४६.९ |
| **राजश्व बाँडफाँट** | ६८५२७४७४.७६ | **वित्तीय/अन्य व्यवस्था** | २२५२०१८९४.८५ |
| **आन्तरिक आय** | ४१९६१६०.१४ | | |
| **अन्य आय** | १६५१५९३५१.३३ | | |
| **कुल आय** | ५५८०२७९८६.२३ | **कुल खर्च** | ५७०६८९२६७.९५ |
| **बाँकी मौज्दात** | | १४४१२५४२३.४१ | |

**बेरूजु दफा ६ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| प्राप्ति भुक्तानी हिसाव | | | |
|---|---|---|---|
| विवरण | यस वर्ष रु. | | |
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ५८,०२,६३,०२१.४३ | ३३,५९,९३,६३१.२६ | ३३,५९,९३,६३१.२६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ५६,४१,५०,१११.९३ | ३२,९९,७८,४६७.८७ | ३२,९९,७८,४६७.८७ |
| ११००० कर | ७,७८,४९,१११.०० | ६,९२,५२,९८९.५८ | ६,९२,५२,९८९.५८ |
| १३००० अनुदान | ३२,९६,८५,०००.०० | २५,३०,१८,४२२.४८ | २५,३०,१८,४२२.४८ |
| संघीय सरकार | ३०,९५,६१,०००.०० | २४,२६,३७,११७.२९ | २४,२६,३७,११७.२९ |
| प्रदेश सरकार | १,९३,२४,०००.०० | ९२,५९,०००.०० | ९२,५९,०००.०० |
| जनसहभागिता | ८,००,०००.०० | ११,२२,३०५.१९ | ११,२२,३०५.१९ |

| | | | |
|---|---|---|---|
| १४००० अन्य राजस्व | १,७६,५०,०००.०० | ७७,०७,०५५.८१ | ७७,०७,०५५.८१ |
| १५००० विविध प्राप्ति | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | १३,८९,६६,०००.९३ | ० | ० |
| ख. अन्य प्राप्ति | १,६१,१२,९०९.५० | ६०,१५,१६३.३९ | ६०,१५,१६३.३९ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० |
| कोषहरु | १,६१,१२,९०९.५० | ० | ० |
| धरौटी | ० | ६०,१५,१६३.३९ | ६०,१५,१६३.३९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५७,५२,६३,०२१.४३ | ३४,९४,२३,९९०.७८ | ३४,९४,२३,९९०.७८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५५,९१,५०,१११.९३ | ३४,५४,८७,३७३.०३ | ३४,५४,८७,३७३.०३ |
| २१००० पारिश्रमिक / सुविधा | १८,५९,०२,७२६.०० | १५,१७,६०,६१४.०० | १५,१७,६०,६१४.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | ११,८०,६०,९१७.०० | ५,९७,१०,०९२.१७ | ५,९७,१०,०९२.१७ |
| २५००० सहायता (Subsidy) | १३,०६,०००.०० | २,४०,०००.०० | २,४०,०००.०० |
| २७००० सामाजिक सुरक्षा | ८०,००,०००.०० | ३१,०६,९००.०० | ३१,०६,९००.०० |
| २८००० अन्य खर्च | २८,५५,०००.०० | १९,४०,२२०.०० | १९,४०,२२०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २४,३०,२५,४६८.९३ | १२,८७,२९,५४६.८६ | १२,८७,२९,५४६.८६ |
| घ. अन्य भूक्तानी | १,६१,१२,९०९.५० | ३९,३६,६१७.७५ | ३९,३६,६१७.७५ |
| कोषहरु | १,६१,१२,९०९.५० | ३५,२५,१४९.०० | ३५,२५,१४९.०० |
| धरौटी | ० | ४,४१,६६०.०० | ४,४१,६६०.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -३०,१९१.२५ | -३०,१९१.२५ |

| | | | |
|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | ५०,००,०००.०० | (१,३४,३०,३५९.५२) | (१,३४,३०,३५९.५२) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १५,८२,१७,६४७.९३ | १५,८२,१७,६४७.९३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | ५०,००,०००.०० | १४,४७,८७,२८८.४१ | १४,४७,८७,२८८.४१ |
| | | | |
| बैंक तथा नगद बाकी | | १४,४१,२५,४२३.४१ | १४,४१,२५,४२३.४१ |

| अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फः | | | |
|---|---|---|---|
| आम्दानी शिर्षक | रकम | खर्च शिर्षक | रकम |
| सामाजिक सुरक्षा तथा संरक्षण | ६५९८६०३०.०१ | सामाजिक सुरक्षा तथा संरक्षण | ६५९८६०३०.०१ |
| एकिकृत स्वास्थ्य पूर्वाघार | ७९८८६१०७.९२ | एकिकृत स्वास्थ्य पूर्वाघार | ७९८८६१०७.९२ |
| स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १२५०००००.०० | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १२५०००००.०० |
| जम्मा | १५८३७२१३७.९३ | जम्मा | १५८३७२१३७.९३ |